**बूढानीलकण्ठ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गोल्फुटार, काठमाण्डौ**
**३ नं. प्रदेश , नेपाल**

# आ.व.०७५।०७६ नीति, कार्यक्रम तथा संक्षिप्त बजेट बक्तव्य

दोश्रो नगरसभामा उपस्थित हुनु भएका प्रमुख अतिथि ज्यू, बिशिष्ट अतिथि ज्यूहरु, बिशेष अतिथि ज्युहरु, अतिथि ज्यूहरु, नगरसभा सदस्य ज्यूहरु, सबै राजनितिक दलका प्रमुख ज्यूहरु, उपस्थित सम्पुर्ण महानुभाव ज्यूहरु, पत्रकार, सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरुमा बूढानीलकण्ठ नगरपालिकाको तर्फबाट र मेरो ब्यक्तिगत तर्फबाट सबै सदस्यज्यूहरुमा हार्दिक स्वागत तथा सम्मान ब्यक्त गर्न चाहन्छु ।

यस दोश्रो नगरसभा बाट आगामी आ.व को लागि नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित महसुस गरेको छु । यस अवसरमा बिभिन्न आन्दोलनमा राजनैतिक परिवर्तनको लागि जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात-अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धान्जली ब्यक्त गर्न चाहन्छु । साथै घाईतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना र बेपत्ता नागरिकहरु प्रति सम्मानपूर्वक नमन गर्न चाहन्छु । मुलुकको राजनैतिक परिवर्तनमा युगान्तकारी रुपले नेतृत्वदायी भुमिका खेल्नुहुने अग्रज राजनेताहरु प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संवैधानिक  व्यवस्था अनुसार प्रतिनिधि सभा, राष्ट्रिय सभा  र प्रदेश सभामा निर्वाचित हुनु भएका माननीय सदस्यज्यूहरु प्रति बूढानीलकण्ठ नगरपालिकाको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहान्छु ।

नेपालको संविधान, २०७२ ले नेपालमा संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक शासन ब्यवस्थाको  माध्यमद्धारा  दिगो शान्ति, सुशासन, बिकास र समृद्धिको आकांक्षा पुरा गर्न  लक्ष्य लिईएको र संघीय सरकार, “समृद्ध नेपाल र सुखी नेपाली” बनाउने दिर्घकालिन उद्देश्य लिई अघि बढिरहेको सन्दर्भमा  सोही लक्ष्य प्राप्तिको लागि यस नगरपालिकाले पनि **“समृद्ध बूढानीलकण्ठ नगरपालिका र सुखी नगरवासी”** को नारालाई सार्थक बनाउने दिशामा यस नीति, कार्यक्रम र बजेट प्रस्तुत गर्न गईरहेको कुरा जानकारी गराउन चाहन्छु ।

नेपालको संविधानको भावना बमोजिम जनप्रतिनिधीज्यूहरुलाई लोकतान्त्रिक पद्धती मार्फत संघीय स्वरुपको शासन प्रणालीलाई संस्थागत गर्ने जिम्मेवारीका साथ आज हामी दोश्रो नगरसभामा उपस्थित भएका छौँ र यो ऐतिहासिक जिम्मेवारी सफलतापूर्वक सम्पन्न हुने बिश्वास लिएको छु ।

सहभागिता मुलक योजना तर्जुमाको चरणहरु मार्फत समुदाय तथा बस्तीस्तर-वडा समिति-बिषयगत समिति-नगर कार्यपालिका बैठक हुँदै माननीय सांसदहरु, राजनैतिक दलका प्रबुद्ध, बिद्वान, विद्धवत वर्गहरु लगायत सरोकारवाला सबैको धनिभुत  छलफल बाट प्राप्त सुझावहरुलाई मनन गर्दै हामीले आगामी आ.व ०७५।०७६ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरेका छौँ ।

## आदरणीय नगरसभा सदस्यज्यूहरु,

२०७४ जेष्ठ महिनामा निर्वाचन सम्पन्न भएपछि आजसम्म झण्डै एक वर्षको सक्रमणकालिन अवधिमा भए गरेका कामको बारेमा संक्षिप्त समिक्षा राख्न चाहान्छु । गत असार महिनामा शपथ लिएर आ.व.को अन्तिम समयमा तत्कालिन चालु

वर्षको योजना फरफारक गर्ने र आ.व २०७४।०७५ को नयाँ योजना बनाउनु पर्ने चुनौती पूर्व अवस्थामा नीति, कार्यक्रम तथा बजेट बनाउनु पर्दा सर्वदलीय  संयन्त्रबाट तत्कालिन पौष महिनामा भएको परिषदबाट पारित योजना केहि थपघट गरी नगरसभा सम्पन्न भएको थियो ।

तत्कालिन अवस्थामा स्थानीय तह सन्चालन सम्बन्धि ऐन, नियम नभएको करिव ४-५ महिना नियमित काम सम्पन गर्न समेत समस्या भएको कुरा विदितै छ । स्थानीय सरकार सन्चालन ऐन २०७४ पारित भएको वखत पुनः राष्ट्रिय निर्वाचनमा देश नै लाग्ने बेलामा खास कामले गति लिन सकेन । तसर्थ विगत एक वर्षलाई निम्नानुसार समिक्षात्मक टिप्पणी प्रस्तुत गर्दछु ।

**१. समस्या तथा चुनौतिहरुः**

- निर्वाचित भएको ६ महिना पछि मात्र स्थानीय सरकार संचालन ऐन, २०७४ प्राप्त भएको हुदाँ बुझ्न र बुझाउन समय लागेको ।
- ऐन अनुसार कार्यविधिहरु बनाउने विधि र प्रक्रियामा अलमल हुनु ।
- प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनका कारण विकास निर्माणमा ढिलाई भएको ।
- कर्मचारीको अभाव हुनु ।
- मुख्य कार्यालय भवन र वडा कार्यालयहरु व्यवस्थित गर्न समय लाग्नु ।
- दक्ष प्राविधिकको संख्या कमी हुनु ।
- जनताहरुको अपेक्षा बढि हुनु ।
- बदलिदो नियम कानुन र भूमिका अनुसार परिचालन हुन नसक्नु ।
- कार्यालय पूर्वाधार बनाउन र व्यवस्थित गर्न समय लाग्नु ।
- धेरैजसो सडकहरु निर्माणाधिन भएकोले सडक यातायात सुचारु गर्न कठिन हुनु ।
- विद्यमान खानेपानीको समस्या चुनौती रहनु ।

**२. माथि उल्लेखित समस्या र चुनौतिको बावजुद पनि भएका सकरात्मक कामहरुको विवरण निम्न अनुसार प्रस्तुत गरेको छु ।**

क) भाडामा लिएको साँगुरो मुख्य कार्यालय र भएका वडा कार्यालयहरु केहि व्यवस्थित गरी मूख्य प्रशासनिक कार्यालय, विषयगत शाखा कार्यालय र १३ वटा वडा कार्यालय व्यवस्थित गरिएको छ ।

ख)निर्माणाधिन १ दर्जन सडकहरु छिटो सम्पन्न गर्न धेरै प्रयत्न  गर्दा  केहि सुधार हुदै गइरहेको छ । तर पनि कामको गति सुस्त नै देखिएको छ ।

ग) पिउने पानीको भण्डारण गर्ने ट्यांकीहरु थप गरिएको, बोरिङ्ग भएका ठाउँको पानीको पाइप  लाईन  बिस्तार गर्ने कार्य भएको छ ।

घ) करिव ५ ठाँउका सार्वजनिक जग्गा संरक्षण गरी पार्क निर्माण गर्ने कार्य भएको छ ।

ङ) करिव ५ वटा सडक बिस्तार योजना स्वीकृत गरी बजेट सहित टेण्डर गर्ने कार्य भएको छ।

च) ३ वटा नयाँ पार्कको डिजाईन कार्य भईरहेको छ।

छ) ३ वटा पुल निर्माण गर्न DPR बनाउने कार्य जारी छ।

ज) ३ वटा क्रियापुत्री भवन निर्माणाधिन छ।

झ) टुक्रा टुक्रा गरी करिव ३.५ कि.मि सडक ढलान भएको छ।

ञ) ६ कि.मि सडक खण्डमा ढल राख्ने कार्य भएको छ।

ट) करिव ५०० भन्दा बढी महिला तथा पुरुषहरुलाई सिप क्षमता बिकास तालिम प्रदान गरिएको छ।

ठ) सार्वजनिक शैक्षिक संस्थाहरुबीच छलफल/सम्वादबाट समस्या र चुनौतीको विश्लेषण गर्दै शैक्षिक सुधारमा अगाडी जाने मार्ग सुरु भएको छ।

ड) बिद्यालयमा ब्यवसायिक शिक्षा उन्मुख गर्न सहजीकरण कार्य शुरु भएको छ।

ढ) नगरको समग्र तथ्यांक संकलन, प्रशोधन, बिश्लेषण सहित नगर बिकास योजना निर्माणको कार्य थालनी भएको छ।

ण) सडकलाई हरीयाली पार्ने कार्य प्रारम्भ भएको छ।

त) बिपद ब्यवस्थापन र पूर्व तयारीको नमुना कार्य सुरु गरिएको छ र क्रमशः सबै वडामा लागु हुने आधार तय भएको छ।

थ) स्थानीय तह सन्चालन तथा ब्यवस्थापन गर्न आवश्यक ऐन, कार्यविधि तयार भएकोले आगामी बर्षहरुमा योजनाबद्ध बिकासको पूर्वाधार अगाडि बढ्ने आधार तय भएको छ।

द) नगर पर्यटन गुरुयोजनाको कार्य अगाडि बढेको छ।

ध) नगरपालिकाको सवै वडाहरु सहितको नगर प्रोफाईलको कार्य अगाडि बढेको छ।

**२.१. नगरपालिकाको काम कारवाहीलाई कानुनी रुपमा सहज र पारदर्शी ढंगबाट गर्न देहाय बमोजिमको ऐन तथा कार्यविधिहरु तयार गरि पेश गरिएको छ।**

१. राजपत्र प्रकाशन कार्यविधि, २०७५

२ नगरसभा संचालन कार्यविधि, २०७५

३ नगर कार्यपालिका बैठक सन्चालन कार्यविधि, २०७५

४ सहकारी ऐन, २०७५

५.न्यायिक समिति कार्यविधि, २०७५

६. फोहरमैला व्यवस्थापन ऐन, २०७५

७. "घ" वर्ग निर्माण ईजाजत /दर्ता ऐन, २०७५

८. बजार अनुगमन निर्देशिका, २०७५

९. नगर प्रहरी सन्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५

१०. वडा कार्यालय सन्चालन कार्यविधि, २०७५

११. विपद व्यवस्थापन कार्यविधि, २०७५

१२. उपभोक्ता समिति गठन, आयोजना संचालन एंव व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५

१३. संघ सस्था दर्ता तथा संचालन कार्यविधि, २०७५

१४.यूवा तथा खेलकुद ऐन, २०७५

१५. नगर कार्य सम्पादन नियमावली, २०७५

१६. कृषी तथा पशुपालन कार्यविधि, २०७५

१७. टोल विकास समिति कार्यविधि, २०७५

१८. स्थानीय तह सेवा व्यवस्थापन,२०७५

१९. स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण सम्बन्धि विद्येयक २०७५

२०. कर निर्धाराण ऐन, २०७५

२१. स्थानीय स्तरको विकास आयोजना तथा परियोजना संचालन ऐन २०७५

२२. शिक्षा नियमावली २०७५

२३ .भाषा सस्कृति, ललितकलाको संरक्षण र विकास कार्य सन्चालन कार्यविधि २०७५ ।

२४.बूढानीलकण्ठ नगरपालिकाको सडक ऐन २०७५

२५. नगर कार्यपालिका कार्य विभाजन नियमावली, २०७५

**३. नीति, कार्यक्रम, बजेटका सोच (Vision), गन्तव्य (Mission), लक्ष्य, उद्देश्य, अपेक्षित उपलब्धी तथा प्राथमिकताका क्षेत्रहरुः-**

**३.१ सोच (Vision) :**

**"समृद्ध नगरपालिका सुखी नगरबासीको "** आधारसिला तयार गर्ने ।

**३.२ गन्तव्य (Mission):**

पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास, बातावरण तथा फोहोरमैला व्यवस्थापन तथा सस्थागत सुशासनको सुधार मार्फत मानवीय विकास सुचकांकमा स्तरोन्नती गर्दै, दिगो, फराकिलो, समाबेशी समन्यायीक विकास हासिल गर्ने ।

**३.३ लक्ष्य (Goals):**

क. **“पारदर्शी प्रशासन, दिगो बिकास र न्यायपुर्ण आर्थिक समृद्धि”** सहितको बातावरणमैत्री सुन्दर नगर निर्माण गर्ने ।

ख. संगठनिक संरचना, भौतिक पूर्वाधार कार्यक्षमता सहितको जनशक्ति, मुस्कान सहितको शुशासन दिने ।

ग. पिउने पानी सहितको १ घर १ धारा पुऱ्याउने । ( ३ वर्ष भित्र)

घ. मापदण्डयुक्त नगर सडक, ब्यवस्थित यातायात प्रणाली, धुलोमुक्त सडक ब्यवस्था गर्ने ।

ङ.आवश्यक्ता अनुसार सिप बिकास केन्द्र, उद्यमशिलता प्रर्वधन गर्ने ।

च. स्थानीय सरकारको प्रत्याभुती हुने बूढानीलकण्ठ सिंहदरवार परिसर बनाउने ।

छ. पर्यटन नगर प्रोफाईल, गुरुयोजना, पर्यटन गुरुयोजना निर्माण गर्ने ।

ज. शिक्षा, स्वास्थ्य, खेलकुद सामाजिक बिकासका योजना सहितको कार्ययोजना कार्यान्वयन गर्ने ।

झ. राजश्व बृद्धिको कार्य योजना र कार्यान्वयन गर्ने ।

ञ. एकिकृत शहरी बिकास योजना र कार्यान्वयन गर्ने ।

ट. आम नगरवासीहरुलाई नगर बिकासमा समेट्ने ।

ठ. उपलब्ध श्रोत तथा साधन, अवसर र क्षमता बिकासको उच्चतम उपयोग गर्दै आर्थिक, सामाजिक , सास्कृतिक तथा मानवीय बिकास गर्दै गरिवी न्युनिकरण गर्ने ।

ड) कृषि, पशु, पर्यटन, साना उद्योग बिकास तथा सहकारी परिचालन मार्फत आर्थिक बिकास हासिल गर्ने ।

ढ) शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सांस्कृतिक प्रवर्द्धन तथा लैङ्गिक समानता एवं सामाजिक समावेशीकरण मार्फत सामाजिक बिकास हासिल गर्नु

ण) एकीकृत शहरी बिकास गुरुयोजना तथा अन्य बिकास योजना मार्फत पूर्वाधार बिकास हासिल गर्ने ।

त) बातावरण र विकास विच अन्तरनिहित सम्बन्ध राख्न फोहोरमैला व्यवस्थापन गर्दै विकासलाई जलबायू अनुकुल बनाउदै लाने ।

थ) आर्थिक अनियमितता तथा वित्तिय जोखिम हुन नदिन संस्थागत सुशासन मार्फत सेवा प्रवाहमा सुधार गर्दै मुस्कान सहितको नागरिक मैत्री सेवा प्रवाह कायम गर्ने ।

## ३.४ उद्देश्यहरुः( Objectives):-

- विधिको शासन ।
- असल शासन, पारदर्शी प्रशासन ।
- नगरवासीको नारा पानी सहितको धारा ।
- लैङ्गिक समानता, न्यायपुर्ण समावेशी र प्रजातान्त्रिक संस्कारको बिकास गर्ने ।
- दिगो पूर्वाधार बिकास र सुधारिएको सडक यातायात ।

- नगरको मौलिक बिशेषता र पहिचान प्रवर्द्धन गर्ने ।
- आत्मनिर्भर अर्थतन्त्र र न्यायपुर्ण आर्थिक बिकास ।
- शिक्षित र सिपयुक्त दक्ष जनशक्ति बृद्धि ।
- समाजिक सुरक्षा र दिगो शान्तिको बिकास ।
- बातावरणमैत्री स्वच्छ र सुन्दर नगर निर्माण ।
- बिकसित र नमुना नगरपालिका निर्माण ।
- पर्यटन पूर्वाधार निर्माण र प्रवर्दन सहित रोजगारीमा बृद्धि ।

## ३.५. अपेक्षित उपलब्धीः-

- आ.व ०७५।०७६ को अन्त सम्ममा नगरको भौतिक पूर्वाधार र प्रशासनीक ढाँचा पुरा हुनेछ ।
- नगरपालिकाको ५ बर्ष देखि १५ बर्षे सहितको एकिकृत शहरी विकास गुरुयोजना तयार हुनेछ ।
- १३ वटा वडा सहितको नगर प्रोफाइल तयार भएको हुनेछ ।
- दिर्घकालीन पर्यटन गुरुयोजना तयार भएको हुनेछ ।
- विपद व्यवस्था योजना तयार भएको हुनेछ ।
- सडकको सुधारमा ८० % प्रगति हुनेछ ।
- नगरको सफाई योजना सहित अभियानबाट सफाईमा अघि बढ्नेछ ।
- नगरको केहि गौरवको योजनाको आधार तयार हुनेछ ।
- पानी बितरण योजनाको गति (बाटो) स्पष्ट अघि बढ्नेछ ।
- स्वास्थ्य र शिक्षाको बिकासको दिशा तय हुनेछ ।
- नगरका जनप्रतिनिधीहरुको अनुभव र क्षमतामा परिपक्वता आउनेछ ।
- राष्ट्रसेवक नगर कर्मचारीहरुमा कार्यक्षमता परिस्कृत हुनेछ ।
- राजश्व संकलनमा प्रगति हुनेछ ।
- नगर र नगरवासीहरु बीचको सम्बन्ध सुदृढ र सुमधुर बनाउन बढावा दिईनेछ ।
- सूचना र संचारको दृष्टिले नगरमा बिद्युतिय प्रबिधिको प्रयोगमा प्रवेश गर्नेछ ।
- नगरवासीहरुमा स्थानीय सरकारको महशुस हुने छ ।
- नगर विकास र व्यवस्थापनमा नगरबासीहरुको अपनत्व बृद्धि हुनेछ ।

## ३.६ प्राथमिकताः-

माथि उल्लेखित सोच (Vision), गन्तव्य (Mission), लक्ष्य (Goals)/उद्धेश्य (Objectives) हासिल गर्न प्राथमिकताका आधारमा देहाय बमोजिमको विषयगत क्षेत्रहरुमा कुल विकास बजेटबाट बाँडफाड गरी योजना छनौट गर्ने प्राथमिकता सहितको नीतिगत व्यवस्था मिलाईएको छ ।

१) भौतिक पूर्वाधार बिकास क्षेत्रको लागि ४० प्रतिशत

२) सामाजिक बिकास क्षेत्रको लागि ३० प्रतिशतः

- *यसमा खानेपानी बिकास तर्फ १० प्रतिशत रहेको छ ।*
- *अन्य सामाजिक बिकास तर्फ २० प्रतिशत रहेको छ ।*

३) आर्थिक बिकास तर्फ १५ प्रतिशत
४) बन, बातावरण तथा बिपद ब्यवस्थापन तर्फ १० प्रतिशत
५) सुशासन तथा संस्थागत बिकास तर्फ ५ प्रतिशत

**माथि उल्लेखित बिकास क्षेत्रका प्राथमिकताहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।**

## ३.६.१ भौतिक पूर्वाधार बिकास तर्फः-

### क) सडक तथा पुल तर्फः-

- नगर यातायात गुरुयोजना (MTMP) तयार गरी संघीय/प्रादेशिक सरकारको मापदण्डलाई समेत आधार मानी सबै सडकहरुको बर्गीकरण गरी बस्ती बिकास सँग समान्जयस्ता कायम गर्दै सडकहरुको मापदण्ड तोकिने छ । साथै नगर क्षेत्र भित्रका सबै सडकहरुको स्तरोन्नती गरी दिगो सडक सञ्जालको बिकास गरिने छ ।

- सामुदायिक संगठनहरु, गैर सरकारी संस्था, निजि क्षेत्र लगायतको साझेदारीमा सवै सडकका पोलहरुमा सडक बत्ती र सुरक्षाकर्मीको सहयोग एवं समन्वयमा मुख्य सडकहरुमा CCTV क्यामेरा समेत जडान गरी सम्भावित अपराधका घटना लाई नियन्त्रण गरी नगरवासीको जीवनयापनलाई थप सुरक्षित बनाउन पहल गरिनेछ ।
- निर्माणाधीन सडकहरु छिटो सम्पन गर्न सवै प्रकारका समन्वय र पहल गरिने छ ।

### ख) सिंचाई तर्फः-

कृषि क्षेत्र तोकी कृषियोग्य जमिन सिंचित गर्न समुदायकै लागत सहभागिता समेत रहने गरी साना सिचाई स्यालो ट्युवेल मार्फत साना सिंचाई विकास कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउने नीति लिइनेछ ।

### ग) भवन तथा शहरी बिकास तर्फः-

- बस्ती बिकास शहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड २०७२ तथा भवन निर्माण योजना २०६४ लाई आधार मान्दै यस नगरपालिकाको सबै वडाहरुको सडक तथा बस्ती बिकासको मापदण्ड निर्धारण गरी भवन निर्माण तथा नक्सापास कार्यबिधि बनाई कार्यान्वयनमा लैजाने ब्यवस्था गरिनेछ ।
- नगर यातायात गुरुयोजना (MTMP) को मापदण्ड अनुशार नगरका सवै खोला नदीहरुको सूची र मापदण्ड तयार गरी राजपत्रमा प्रकाशित गरिनेछ ।

- बास्तविक सुकुम्बासी ब्यक्ति तथा समुदायको पहिचान तथा लगत संकलन गरी छिटो उचित ब्यवस्थापन गर्न प्रदेश र संघीय सरकार समक्ष आवश्यक पहल गरिनेछ ।

- शहरी विकास मन्त्रालयको सहयोगमा उपयुक्त ठाँउ र जनताहरुको सहयोगबाट Land Pooling को अवधारण अगाडि बढाइनेछ ।साथै नगरपालिकाको उपयुक्त स्थानहरुमा जग्गा विकास सम्बन्धि कार्यक्रम सन्चालन गर्नको लागि सम्भाव्यता अध्ययन गरी अगाडी बढाइनेछ ।

- १ तल्ला भन्दा माथिका घरहरुमा Solar Panel जडान तथा Rain Harvesting प्रविधी लागु गर्न कार्यबिधी व्यवस्था गरिनेछ । यसको लागि नक्सापास स्वीकृत दिने क्रममा नै अनिवार्य गरिनेछ ।

- बूढानीलकण्ठ मन्दिरको दिगो र दिर्घकालिन बिकास अन्तर्गत मन्दिर नजिकको क्षेत्रमा बैकल्पिक सवारी पार्किङको व्यवस्था पहल गरिनेछ ।

- नगरपालिकाको सबै वडाहरुमा उपलब्ध श्रोत साधनहरुको आधारमा र प्राथमिकताको आधारमा ढल निकासको व्यवस्था गरिनेछ । साथै नदी तथा खोलाहरुमा ढल खसाल्ने कार्य रोकी त्यसको उपयुक्त बैकल्पिक व्यवस्थापनको लागि आवश्यक डिजाईन र योजना सहित प्रशोधन केन्द्रहरु तोकी केही स्थानमा नमुना योजना बनाउने पहल गरिनेछ ।
- नगर स्तरीय एउटा सभाहल (अडिटोरियम) तथा बहु उद्धेसीय भवनको सम्भाव्यता अध्ययन गरी निर्माण गर्न सम्बन्धित निकायमा आवश्यक पहल गर्ने नीति लिईनेछ ।

- भूकम्प प्रतिरोधात्मक घर निर्माणको लागि डकर्मिहरुलाई अनिवार्य तालिमको व्यवस्था गरिनेछ । साथै तालिम प्राप्त डकर्मिहरुबबाट मात्र घर निर्माण गर्नु पर्ने नीति लागु गरिनेछ ।

- नगरको मुख्य कार्यालय भवन र परिसरको एकिकृत डिजाइन तयार गरी सोही अनुसार निर्माण कार्य अघि बढाइनेछ ।

- राष्ट्रिय भू उपयोग नीति तर्जुमा गरी लागु गरिनेछ ।

- नक्सा पास प्रक्रियालाई सरल, पारदर्शी, छिटो छरितो र विद्युतिय अभिलेख राख्ने व्यवस्था लागु गरिनेछ ।

- सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार यस नगरपालिका भित्र परामर्शदाताको सहयोगमा स्तरीय बसपार्कको DPR बनाई बसपार्क सन्चालन तथा व्यवस्थापन गर्ने नीति लिईनेछ ।

**घ) संचारः-**

- नगरका सवै वडा कार्यालयहरुमा इन्टरनेट सुविधा उपलब्ध गराइनेछ ।
- नगरभित्रका सवै वडाहरुको मुख्य चोकमा फ्रि वाई फाई जोन ( Free Wifi Zone) बनाउन कार्यक्रम बनाईनेछ ।
- नगरपालिकाको काम कार्यवाही र जनतासंगको चासोलाई पारदर्शी बनाउन विद्युतीय मोवाईल एप्स सन्चालन शुरु गरिनेछ ।

### ३.६.२ सामाजिक बिकासः-

### क. स्वास्थ्यः-

- जनतालाई घरदैलो मै घुम्ती स्वास्थ्य सेवा प्रदान गर्न **"जनता स्वास्थ्य परिक्षण कार्यक्रम"** सबै वडाहरुमा कार्य योजना बनाई कार्यान्वय गरिनेछ । यसको लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।

- शहरी स्वास्थ्य केन्द्र नभएका थप वडाहरुमा शहरी स्वास्थ्य केन्द्र स्थापना गर्दै लगिने छ ।
- आधारभुत स्वास्थ्यमा सबै नगरवासीको पहुँच सुनिश्चित गर्न मानव बिकास सुचांकमा पछाडि परेका गरिव ब्यक्ति तथा समुदायहरुलाई सामाजिक सुरक्षा, विमा कार्यक्रमको लागि अनुदान रकम उपलब्ध गराईनेछ ।

- आमा र बच्चाको पोषण सुनिश्चित गर्दै मातृमृत्युदर तथा शिशु मृत्युदर घटाउन पोषण कार्यक्रम लागु गरिने छ । यसको लागि आवश्यक रकम बिनियोजन गरिएको छ ।

- सरकारद्वारा सबै स्वास्थ्य संस्थाहरुमार्फत उपलब्ध गराईने निःशुल्क औषधीहरुको निरन्तर अनुगमन गरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाइनेछ ।

- ध्यान र योगको माध्यमबाट स्वस्थ शरीर, सकारात्मक सोच र ब्यक्तित्व बिकास गर्न सबै वडाहरुमा नागरिक आरोग्य कार्यक्रम संचालन गरिने छ । प्राप्त खाली जग्गाहरुमा खुला पार्क सँगै ब्यायामशाला र योग केन्द्र स्थापना गर्ने नीति लिईनेछ ।

- स्वास्थ्य मन्त्रालयको साझेदारीमा यस नगरपालिकाको को वडा नं. ८ मा नगर अस्पताल स्थापना गरी संचालनमा ल्याइनेछ ।
- सामुदायिक विद्यालयहरुमा स्वास्थ्य चेकजाँच गराउने ब्यवस्थाको लागि आवश्यक नीति र योजना बनाइनेछ ।

- फुटवल, भलिवल, बास्केटवल, क्रिकेट, ब्याडमिन्टन लगायत विविध खेललाई प्रोत्साहन गर्न नगरस्तरीय खेलकुद संघ स्थापना गरी संचालन गरिनेछ । खेल क्षेत्रको बिकास गर्न खेलकुद कार्यविधि बनाई ब्यवस्थित गरिनेछ ।

- नगरका बालबालिका, महिला, जेष्ठ नागरिक, अशक्त अपाङ्ग, दृष्टिविहिन नागरिकहरु लाई सरल र घरटोल सेवा पुऱ्याउने नीति लिईनेछ ।

### ख. शिक्षाः-

- नगरपालिका भित्रका सामुदायिक बिद्यालयहरु मध्ये प्रत्येक वडाबाट १ बिद्यालयलाई सूचकका आधारमा छनौट गरी सूचना प्रविधी मैत्री पुस्तकालयको स्थापना गर्न उचित नीति लिईनेछ ।
- सामुदायिक बिद्यालयको भौतिक तथा शैक्षिक सुधार मापदण्ड र नीति जारी गरिनेछ ।

- सबै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चितता गर्न बिद्यालय भर्ना अभियानलाई_____तिव्रता दिन प्रोत्साहन मुलक कार्यक्रम ल्याईनेछ ।

- स्थानीय आवश्यकता, समस्या, चुनौती, संरक्षण नीतिहरु र मौलिक बिशेषता र पहिचान बिकासमा आधारित स्थानीय पाठ्यक्रम तयार गरी लागु गरिने छ ।

- प्रत्येक बिद्यालयमा PG र शिशु कक्षा संचालन गर्नुपर्ने र सो को लागि सहयोग ब्यवस्था मिलाईनेछ ।

- नगरका विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरुलाई नगरपालिकाको बारे आवश्यक जानकारी मुलक कार्यक्रमहरु सन्चालन गरिनेछ ।

- सामुदायिक बिद्यालय तथा कलेजमा अध्ययनरत गरिव तथा जेहेन्दार बिद्यार्थीहरुको लागि प्रत्येक वडामा एक बिद्यालय छनौट गरी **"गरिव जेहेन्दार बिद्यार्थी छात्राबृत्ती कोष"** खडा गरी कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

- सामुदायिक बिद्यालयमा अध्ययनरत कक्षा ५ सम्मका बिद्यार्थीहलाई बिभिन्न संस्थाको सहयोग तथा साझेदारीमा स्थानीय उत्पादनमा आधारित पौष्टिक दिवा खाजा कार्यक्रम संचालनमा ल्याईनेछ ।

- सरकारी र निजि बिद्यालयहरु बिचको शैक्षिक बिषमता हटाउन र सार्वजनिक शिक्षाको गुणस्तर अभिबृद्धि गर्न सामुदायिक बिद्यालयहरुमा पूर्वाधारको बिकास, नवीन प्रबिधिको प्रयोग र शैक्षिक मापदण्डमा सुधार ल्याईनेछ । यसको लागि नमुनाको रुपमा प्रत्येक वडाको एउटा सामुदायिक बिद्यालयलाई छनौट गरी अंग्रेजी भाषामा अध्यापन गराउने कार्य गरिनेछ । यसको लागि शिक्षक कर्मचारीहरुलाई आवश्यक तालिमको ब्यवस्था गरिनेछ । साथै माध्यामिक विद्यालयहरुमा कुनै न कुनै बिषयमा छोटो तथा लामो जिवन उपयोगी प्राबिधिक तालिम र शिक्षा दिनुपर्ने नीति लिईनेछ ।

- नगरपालिका भित्रका विविध विषयहरुमा विद्यालय र विद्यार्थीहरु विच प्रतिस्पर्धा गराई प्रोत्साहान पुरस्कारको व्यवस्था गरिनेछ ।

- बालश्रमलाई पुर्ण रुपमा न्युनीकरण गर्न बालमैत्री बिकास कार्यक्रमलाई प्रमुखताका साथ अगाडी बढाईने छ । यसको लागि **नगर बाल प्रोफाईल** तयार गरिने छ । यसको लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।

- विद्यालयहरुको अवस्था र शैक्षिक गतिविधिको मूल्याँकन र अनुगमन प्रभावकारी बनाउने कार्यक्रम लागू गरिनेछ ।

- संस्थागत विद्यालयको मापदण्ड तोकि नियमन गरिनेछ ।

**ग. युवा तथा खेलकुदः-**

- युवाहरुको चाहना बमोजिम खेल क्षेत्रको व्यवस्थित ढंगबाट विकास गर्न नगरस्तरीय खेलकुद संरचना बनाइनेछ ।

**घ. लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम**

- बालबालिका तथा युवाहरुको शारिरिक तथा मानसिक बिकासको लागि स्थानीय स्तरको सामुदायिक संगठनहरुको सहयोग एवं सहकार्यमा प्रत्येक वडामा नमुनाको रुपमा ठाउँको उपलब्धता अनुसार सानो वा ठुलो एउटा खेल मैदानको निर्माण तथा बिस्तार गर्ने कार्य गरिने छ।

- गुणस्तरीय र रोजगारमुलक शिक्षाको लागि नगरपालिका अन्तर्गत CTEVT बाट मान्यता प्राप्त प्राबिधिक शिक्षालयको स्थापना एवं संचालन गर्ने नीति लिईनेछ।

- महिला, जनजाती र विपन्न वर्गको सशक्तिकरण तालीम अर्न्तगत लोक सेवा तयारी कक्षा सन्चालन गरिनेछ।

- नगरपालिका क्षेत्रमा संचालित कपन बहुमुखी क्याम्पस, बूढानीलकण्ठ बहुमुखी कलेज, तथा गणेश कलेजको स्तरोन्नती एवं पूर्वाधार बिकासमा आवश्यक सहयोग गरिनेछ।

- युवाहरुलाई लक्षित गरी नगरभित्र थप रोजगारी सिर्जना गरी नगरवासीलाई बैदेशिक रोजगारीमा जान बाध्यता पार्ने/पारिने ब्यवस्थालाई निरुत्साहित गर्दै यही नगरमा स्वरोजगार गरी आय आर्जन क्षमतामा अभिबृद्धि गर्न सबै वडाहरुमा मागका आधारमा नमुनाको रुपमा **"रोजगार प्रवर्द्धन कार्यक्रम"** सुरु गर्ने नीति लिईएको छ।

- महिलाहरु मार्फत प्रर्वद्धन हुने गरी मागमा आधारित र स्वरोजगारको लागि पूँजी, सिप र उद्यमशिलता तालिमको सुनिश्चितता गरिएको छ।

- सामाजिक सस्थाहरु मार्फत सन्चालन गरिने कार्यक्रमहरुलाई प्रभावकारी र उद्धेश्यमुलक बनाउन उपयुक्त संयन्त्र र अनुगमनको व्यवस्था गरिनेछ।

- बालश्रम, बालविवाह लगायत सबै किसिमका सामाजिक कुरीति र अन्धबिश्वास हटाउन तथा महिला हिंसा बिरुद्धको सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

- अपाङ्गता भएका ब्यक्तिहरुको मनोबल, मर्यादा, सिप र क्षमता बढाउन पुर्नस्थापना कार्यक्रम लगायतका बिशेष कार्यक्रमहरु संचालनमा आवश्यक सहयोग पुऱ्याउने नीति लिईनेछ।

- सबै किसिमका जेष्ठ नागरिकहरुको शारिरिक तथा मानसिक बिकास गर्नको लागि प्रत्येक वडामा ज्येष्ठ नागरिक Day Care Center र उपयुक्त ठाँउ छनौट गरि व्यवस्थित एउटा बृद्धाश्रम बनाउन उपयुक्त साझेदारी योजना बनाइनेछ ।

- सबै किसिमका दलित समुदायहरुले गर्दै आएका परम्परागत सीप र पेशालाई आधुनिकिकरण एवं प्रवर्द्धन गर्न आवश्यकता अनुसार योजना र बजेटको ब्यवस्था गरिने छ ।

- आदिवासी जनजाती लगायत सबै समुदायहरुद्वारा परम्परागत रुपमा गर्दै आएका सांस्कृतिक तथा धार्मिक क्रियाकलापहरुको बिकास गर्न संरक्षण, सम्वर्द्धन एवं प्रवर्धनात्मक कार्यहरु गरिनेछ । यसको लागि कार्यबिधि बनाई सहयोग पुऱ्याउने नीति लिईनेछ ।

- यस नगरपालिका भित्र रहेका सबै जनजाती तथा भाषाभाषीको सांस्कृतिक पहिचान झल्कने गरी सांस्कृतिक संग्रहालयको स्थापना एवं बिकास गर्ने नीति लिईनेछ ।

**ङ. खानेपानी तथा सरसफाई तर्फः-**

- मेलम्ची खानेपानी आयोजना मार्फत उपलब्ध हुने पानीलाई यस न.पा क्षेत्रमा समेत बितरण गर्ने ब्यवस्था मिलाउन बिशेष पहल गरिनेछ ।

- खानेपानीको बैकल्पिक श्रोतको रुपमा Rain Harvesting प्रणाली र ब्यवस्थित डिप बोरिङ्ग प्रणालीलाई उपयोगमा ल्याईनेछ ।

- नगरपालिकालाई सफा, हरियाली, स्वच्छ नगर बनाउन कार्यविधि र नागरिक आचारसंहिता जारी गरी सरसफाई अभियान सन्चालन गरिनेछ ।

- नगरपालिका क्षेत्रभित्रको खानेपानी अभावलाई समाधान गर्न बिज्ञहरुको राय परामर्शमा दिर्घकालिन/दिगो ब्यवस्थापन योजना तयार गरिनेछ ।

- यस न.पा लाई खुला दिशामुक्त क्षेत्र घोषणा गरिसकिएकोले त्यसको निरन्तरताको लागि सामुदायिक संगठनहरु तथा वडा कार्यालय सँगको सहयोग एवं साझेदारीमा पुर्ण सरसफाई कार्यक्रम संचालन गरिनेछ ।
- नमुनाको रुपमा केहि वडामा साझेदारी सस्थाहरुसंग मिलेर Smart Toilet स्थापना एवं बिकास गरी कार्यान्वयनमा ल्याईनेछ ।

- सामुदायिक संगठन, निजि क्षेत्र तथा गैर सरकारी संस्थाको सहयोगमा प्रत्येक वडाको मुख्य सडकचोकमा प्राथमिकताका आधारमा सार्वजनिक शौचालय स्थापना गरी साझेदार सस्थासंग मिलेर व्यवस्थापन गर्ने नीति लिइनेछ ।

- नगरपालिका भित्र रहेका बिभिन्न सामाजिक संस्थाहरुको कार्य, गतिविधी र भुमिकाको मुल्यांकन गरी उत्कृष्ट कार्य गर्ने टोलविकास संस्थालाई पुरस्कृत गर्ने नीति लिईनेछ ।

**३.६.३. आर्थिक बिकासः-**

**क. कृषिः-**

- कृषि उपजहरुको अर्गानिक उत्पादन गर्ने कार्यलाई प्रोत्साहित गरिने छ ।
- बैदेशिक रोजगारीबाट फर्केका युवाहरुको पहिचान गरी उनीहरुको रुची तथा सिप बिकास अनुभव बमोजिम उनीहरुलाई अर्गानिक खेती र कृषि ब्यवसायमा आकर्षित गर्न बिशेष कार्यक्रम ल्याईनेछ ।
- नगरपालिकाका केही खाली स्थानहरुलाई पकेट क्षेत्र तोकी सो स्थानमा आधुनिक कृषि प्रणाली मा उत्पादन गर्न आवश्यक सहयोग गर्ने नीति लिईनेछ ।
- कृषि बिकास मार्फत यस नगरको अर्थतन्त्र सवलीकरण गर्न परम्परागत कृषि प्रणालीबाट आधुनिक कृषि प्रणालीमा रुपान्तरण गर्न कृषिको ब्यवसायीकरण तथा यान्त्रीकरणमा जोड दिईने छ ।
- सहकारीमा आधारित खेती प्रणालीलाई प्रोत्साहन गर्न सहुलियत व्याज अनुदानको नीति लिईनेछ ।
- कृषि उत्पादन संगै त्यसको व्यवस्थित बजारीकरणको लागि कृषि सहकारीसंग मिलेर कृषि बजार प्रर्वधन योजना ल्याईनेछ ।
- नगरपालिका भित्र रहनु हुने कृषि प्राविधिक र स्रोत व्यक्तिहरुको पहिचान र सूची तयार गरी कृषि उन्नतिमा लगाउने नीति लिइनेछ ।
- कृषि क्षेत्रको विकासको लागि कृषकहरुको क्षमता अभिबृद्धि गर्न एक वडा एक प्राविधिक (OWOT) हुनुपर्ने नीति लिईनेछ ।
- आफ्नो घरको छतमा तरकारी खेती गर्ने प्रणाली (कौसी खेती) को बिकास गर्न प्रोत्साहन गर्ने नीति लिईने छ ।
- कृषि उत्पादनको जोखिम कम गर्न कृषकहरुलाई कृषि बिमामा अनुदान उपलब्ध गराउने नीति लिईनेछ ।
- ब्यवसायिक कृषकहरुलाई अनुदान भन्दा सहुलियत कृषि ऋण उपलब्ध गराउन छलफलबाट उचित नीति लिईनेछ ।

**ख. पशु बिकास तर्फः-**

- नगरपालिकाका उपयुक्त स्थान छनौट गरी पशु बधशाला स्थापना गरी निजी क्षेत्रको साझेदारीमा संचालन एवं व्यवस्थापन गर्ने नीति लिईनेछ ।

- पशुपंक्षी पालन व्यवसाय क्षेत्र तोकी बातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी कार्य गर्न व्यवसायिक कृषकहरुलाई सहयोग पुर्‍याउने नीति लिईनेछ ।

- सामुदायिक छाडा पशु र कुकुरहरुको  उचित व्यवस्थापनमा साझेदारी सस्थाहरुसंग मिलेर कार्यक्रम लागू गरिनेछ ।

**ग. उद्योग तथा बणिज्य तर्फः-**

- यस नगरक्षेत्रमा स्थापित साना, ठुला तथा घरेलु उद्योगको तथ्यांक संकलन गरी बेरोजगारहरुलाई रोजगारी सिर्जना गर्नको लागि उद्योगहरु स्थापना गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ ।

- साना, ठुला तथा घरेलु उद्योगको स्थापना, संरक्षण एवं प्रवर्द्धनमा आवश्यक सहकार्य एवं समन्वयको कार्य गरिनेछ ।

- प्रत्येक वडाहरुमा नमुनाको रुपमा कम्तीमा एक स्थानमा सहकारी संस्थाको साझेदारीमा आधारभुत खाद्यान्न उपलब्ध गराउन  **"नगर सुपथ मुल्य किराना पसल"** खोल्ने नीति लिईने छ । यसको लागि आवश्यक अनुदानको व्यवस्था समेत उपलब्ध गराउने नीति लिईनेछ ।

- हरेक वर्ष उद्योग व्यापार, उत्पादन प्रदर्शनी र महोत्सव आयोजना गरी व्यापार व्यवसायको प्रवर्द्धनमा टेवा पुर्‍याइनेछ ।

- न.पा मा भएका उद्योगी, व्यवसायीहरुको सामुहीक सल्लाह र छलफलबाट उद्यमी बिकास र रोजगारी सृजना हुने कार्यको प्रवर्द्धनमा सहयोग र सहजीकरण गर्ने नीति लिईनेछ ।

- सरोकारवालाहरुको सहकार्य एवं समन्वयमा बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाईनेछ ।

- स्थानीय श्रोतमा आधारित उद्योग र उत्पादनलाई प्रवर्द्धन गर्न नागरिक बजार, तालिम केन्द्र, प्रदर्शनी कक्ष र बिक्रि केन्द्र स्थापना गर्ने नीति लिईनेछ ।

**घ. पर्यटन क्षेत्रः-**

- यस नगरपालिकालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पर्यटन क्षेत्रको रुपमा  पहिचान एवं बिकास गराउन पर्यटन गुरुयोजना निर्माण गरी श्रोतसाधनको व्यवस्था सहित कार्य योजना कार्यान्वयनमा ल्याईनेछ ।

- वडा नं. १,२,३,४,५,११ र १३ का केही खाली जमिनरुमा DPR (बिस्तृत आयोजना प्रतिवेदन) तयार गरी पर्यटकिय दृष्टिकोणले समेत पहिचान एवं बिकास हुने गरी मनोरन्जनात्मक पार्कको रुपमा बिकास गरिनेछ ।

- जगडोल- कौडोल-पन्चकन्या पर्यटन पूर्वाधार र प्रवर्द्धनको DPR योजना शुरु गरिनेछ ।

- निम्न पर्यटकिय क्षेत्रको बिस्तृत अध्ययन प्रतिवेदन तयार गरी श्रोत साधनको लागि संघीय एवं प्रादेशिक सरकारमा अनुरोध गरिनेछ ।

क. बूढानीलकण्ठ मन्दिर संरक्षण एवं ब्यवस्थापन गुरुयोजना
ख. शिवपुरीमा भ्यु टावर (धरहरा) निर्माण आयोजना
ग. वडा नं. ८ का करिव १०० रोपनी सार्वजनिक जग्गा क्षेत्र (मार्क्सीय गुरुकुल क्षेत्र)
घ. नगरपालिकाको ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक महत्व झल्कने गरी स्वागत गेटहरुको निमार्ण गरिनेछ ।

- संघीय/प्रादेशिक सरकार, निजि क्षेत्र, गैर सरकारी संस्था, सामुदायिक संगठन तथा यस नगरपालिका र नगरवासीकै शेयर साझेदारीमा बूढानीलकण्ठ देखि शिवपुरी डाँडा सम्मको स्थानमा केवलकार संचालन परियोजनाको सम्भाव्यता अध्ययन एवं संचालनको कार्य प्रक्रिया अगाडि बढाउन बिभिन्न नीजि क्षेत्रसँग सहकार्य गरी **"जनताको लागि जनताकै लगानी"** को गौरवको योजना बनाउने नीति लिईने छ ।

- नगरपालिकाका विभिन्न वडाहरु भित्र रहेका सडक र गल्ली , टोल, घम्तीहरुमा सडक बत्ति र संकेतको लागि **" उज्यालो बूढानीलकण्ठ "** र Green Board योजना शुरु गरिनेछ ।

- टोखाचण्डेश्वरी-लिपीकोट-डाँडागाउँ-चिसिनी-डुकुर्नीडाँडा-नागीगुम्बा-तारेभिर-यज्ञडोल- कपन गुम्बा सम्म पर्यटकीय पदयात्रा मार्ग निर्माणको सम्भाब्यता अध्ययन एवं पूर्वाधार बिकासको कार्य योजना बनाई कार्य सुरु गर्ने नीति लिईनेछ ।

- बूढानीलकण्ठ, कपन, चुनीखेल लगायतको क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकहरु आकर्षित गर्न होम स्टे संचालनको लागि त्यसै क्षेत्रमा समुदायहरुलाई स्वरोजगारको लागि आवश्यक तालिम दिने कार्यक्रम सन्चालन गरिनेछ ।

- अन्तर नगर सम्बन्ध तथा आवश्यक्तानुसार विदेशी नगरपालिकाहरुसंग भगिनी सम्बन्ध स्थापना गर्न पहल गरिनेछ ।
- न.पा भित्र रहेका भिराला जंगल, पाखा सहितका सामुदायिक बनहरुसँग मिलेर रोजगार सिर्जना हुने, आर्थिक उत्पादनका गतिविधी बढाउने योजना र कार्यक्रमको योजना बनाई पर्यटकीय पूर्वाधार बनाउन पहल गरिनेछ ।
- नगरक्षेत्रभित्र उत्पादन भएका नगरका पहिचान झल्कने खालका बस्तुहरुको विक्रि वितरणको लागि कोशेली घरको व्यवस्था गरिने नीति लिईनेछ ।

- नगरक्षेत्र भित्र रहेका ऐतिहासिक महत्वका धार्मिक स्थल, गढी, गौडा, गोश्वराहरुको संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।

- नगरपालिकाको उपयुक्त सम्भाव्य स्थानहरुमा पदमार्ग र साइक्लिङ मार्गको अध्ययन गरी कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन

- नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाको संरक्षण गर्दै बाझो, पर्ति, नदी किनारा र खस्केको जमिनमा बृक्षारोपण गरी जैविक विविधताको संरक्षण, वातावरण संरक्षण र व्यवस्थापन तथा भू-क्षय नियन्त्रण गरिनेछ ।

- जलबायू परिवर्तनबाट बातावरण तथा विकासमा पार्न सक्ने प्रभावहरुको न्यूनिकरणको लागि सचेतनामुलक तथा अनुकुलताका कार्यक्रमहरु (Climate Change Adoption Programme) सन्चालन गर्ने नीति लिइनेछ ।
- नगरपालिका, निजि क्षेत्र, सहकारी तथा सामुदायिक र गैर सरकारी संस्थाको सहकार्य एंव साझेदारीमा स्वच्छ, हराभरा र प्रदुषणमुक्त बूढानीलकण्ठ निर्माणको लागि फोहोरमैला व्यवस्थापन, बैकल्पिक व्यवस्था सहितको प्लाष्टिक मुक्त अभियान, जैविक विविधताको संरक्षण तथा जलबायु परिवर्तन अनुकुलताका कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

- सार्वजनिक जग्गा तथा नदिका किनारहरुको उपयुक्त स्थानहरुमा हरियाली तथा बातावरण स्वच्छता कायम गर्न एभोकाडो (Avocado) का विरुवाहरु रोप्ने नीति लिईनेछ ।

- घरपालुवा जनावरहरुलाई जथाभावी सार्वजनिक स्थलमा दिसा/पिसाव गराउने तथा सार्वजनिक स्थलमा लगी छोडिदिने कार्यलाई नियन्त्रण गरिनेछ ।

- विपद जोखीम न्यूनिकरण कार्यविधि पारित भैसकेकोले नगर स्तरीय/वडास्तरीय बिपद व्यवस्थापन समिति गठन गरि विपद व्यवस्थापनको क्षेत्रमा क्रियाशिल बनाइनेछ ।
- विपद व्यवस्थापन अन्तर्गत जोखिम न्यूनीकरण लगायत विपद व्यवस्थापनको कार्यहरु योजनाबद्ध ढंगबाट गर्न विपद व्यवस्थापन योजना (Disaster Risk Management Plan) बनाई कार्यान्वयमा ल्याईनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरको छु ।

- विपद व्यवस्थापनको लागि विपद व्यवस्थापन कोष खडा गरी कार्यविधि बनाई सन्चालनमा ल्याईनेछ ।

- विष्णुमति तथा धोवीखोलाको किनारामा बस्ति विकासको जोखीम न्यूनीकरण गर्न वडाहरु मार्फत प्रकोप नियन्त्रणको कार्य गर्ने नीति लिईनेछ ।

- आगलागिजन्य विपदबाट संचालित जोखीम  न्यूनिकरण गर्नका लागि एक बारुणयन्त्र खरिद गरी सन्चालन गर्न स्थानीय रुपमा रहेका सुरक्षासंस्थाहरु सँग साझेदारीमा योजना तयार गरिनेछ ।

- नगरक्षेत्रबाट निस्कने फोहोरलाई सरोकारवालाहरुको सहयोग एंव साझेदारीमा वर्गिकरण गरी (Re-Use, Re-Duce, Re-Cycle) मार्फत फोहोरलाई मोहरमा रुपान्तरण गरिने नीति लिइनेछ ।

- नगरलाई स्वच्छ र हराभरा बनाउन एक घर दुई विरुवा रोप्ने अभियानलाई कडाईका साथ लागू गरिनेछ ।

- नगरको फोहोर संकलन तथा व्यवस्थापन कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन फोहोर व्यवस्थापन कार्यविधि र आचार संहिता निर्माण गरि लागू गरिनेछ ।

- बजारका प्रत्येक व्यवसायीले  घर अगाडि अनिवार्य दुइवटा गमलामा फुल विरुवा लगाउनु पर्ने नीति लागू गरिने छ ।

- प्रत्येक वडामा खुला क्षेत्र (Open Spaces)  को पहिचान गरी संरक्षण एवं व्यवस्थापन गरिनेछ ।

- नगरलाई स्वच्छ, सफा, बातावरणमैत्री बनाउन नगरवासीले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागू गरिने छ ।

- नगरभित्रको मुख्य तथा सहायक सडकका दाँयाबायाँ स्थानीय समुदायहरुको सहकार्यमा अनिवार्य रुपमा हरियो विरुवा लगाउने नीति लिईने छ ।

- फोहोरलाई कम्पोष्ट मल बनाउने विधिलाई प्रोत्साहन गरिनेछ ।

## ५. संस्थागत विकास सेवा प्रवाह र शुसासन

- भ्रष्टाचारजन्य क्रियाकलापमा शून्य सहनशीलताको नीति अवलम्बन गर्दै सेवा प्रवाहलाई पारदर्शिता, जवाफदेही एंव उत्तर दायित्व बनाइनेछ ।
- सूचना प्रविधिको माध्यमबाट जनतासंग सरकार सफ्टवयर कार्यक्रम मार्फत सेवा प्रवाहलाई नागरिक मैत्री विद्युतीय प्रणालीमा रुपान्तरण गरी नागरिक मैत्री गुणस्तरीय सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।
- सेवा प्रवाहको क्रममा टोकन प्रणालीको व्यवस्था गरी (First Come First Service) पहिला आउनेलाई पहिला सेवा दिने नीति अवम्बन गरिनेछ ।

- कार्यालय लगायत सवै वडाहरुमा अनिवार्य CCTV को व्यवस्था गरिनेछ ।
- कार्यालय लगायत सवै वडाको कार्यालयहरुमा नागरिक वडापत्रलाई डिजिटल प्रणालीमा रुपान्तरण गरिनेछ ।
- प्रत्येक वडा कार्यालयको विभिन्न चोकहरुमा डिजिटल प्रणाली मार्फत सूचना प्रवाह गरिने व्यवस्था मिलाइनेछ ।
- न्यायिक समितिको काम कारवाहिलाई अझ थप प्रभावकारी बनाउन पदाधिकारीहरुको क्षमता विकास तथा आवश्यक्तानुसार थप जनशक्ति व्यवस्थापन गरिनेछ ।
- प्रत्येक वडाहरुमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना एंव सन्चालन गर्ने नीति लिईनेछ ।
- प्रत्येक वडाको तोकीएको स्थानमा सूचना केन्द्र स्थापना एंव सन्चालन गरी नगरको गतिविधी सरल र पारदर्शी रुपमा उपलब्ध गराईनेछ ।
- नगरक्षेत्रमा शान्ति सुरक्षा कायम गर्न/गराउन आ.व. ०७५।०७६ देखि नगर प्रहरीको व्यवस्थापन गरि परिचालन गरिनेछ ।
- मापदण्ड सूचक सहितको नतिजामा आधारित अनुगमन मुल्यांकन प्रणालीलाई संस्थागत बनाई दण्ड र पुरस्कारको व्यवस्था गर्ने परिपाटीको बिकास गरिनेछ ।
- सेवाग्राही मैत्री प्रणालीको विकास गर्न मुस्कान सहितको सहायता कक्षको व्यवस्था गरिनेछ ।
- नगरपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता विकास तथा मनोवल अभिबृद्धि गर्न उपयुक्त तालिम र सेवा सुविधाको व्यवस्था मिलाइने छ ।
- नगरपालिकामा कार्यरत उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने नीति लिइएको छ ।
- **“जनतासंग मेयर”** कार्यक्रम अन्तर्गत प्रत्येक महिनाको १ गते नगरपालिकासंग सम्बद्ध सवै पक्षहरुको बारेमा नगर प्रमुख समक्ष सिधा प्रश्न उत्तर कार्यक्रम सन्चालन गरिनेछ। यसबाट सुशासन कायम राख्न थप मद्धत मिल्नेछ ।
- सम्बद्ध प्रहरी कार्यालयको सहयोग एंव सहकार्यमा सामाजिक अपराध हुन सक्ने संभावित स्थानहरुमा CCTV क्यामेराको थप व्यवस्था गरी जनतालाई सुरक्षाको प्रत्याभुतीको सुनिश्चतता गर्ने नीति, कार्यक्रम बनाईनेछ ।
- सेवा प्रवाहमा सुधार ल्याउन निकासा, खर्च प्रणाली, योजना व्यवस्थापन, जिन्सी व्यवस्थापन सफ्टवेयर व्यवस्था गरी सन्चालनमा ल्याईनेछ ।

- यस कार्यालयमा कार्यरत स्थायी कर्मचारीलाई संघीय/ प्रादेशिक सरकारको प्रचलित कानुन बमोजिम बढूवा प्रकृया अगाडि बढाइनेछ ।
- टोल विकास संस्था गठन गरी नगरपालिकामा नै दर्ता गरी नगरको सेवा प्रवाहमा समाहित गरिनेछ ।
- सडक मर्मत कोष व्यवस्था गरी कार्यविधि निर्माण गरी कार्यान्वयमा ल्याईनेछ ।
- नगरबासीले Android र IOS मोवाइल प्रयोग गरी आफ्ना गुनासो राख्न र त्यसको गुनाको फछ्र्यौट भएको नभएका कारण सहित हेर्न सक्ने सुविधा संचालनको कार्यक्रम बढाईनेछ ।
- नगर तथा वडाको योजना, चालु योजना तथा सम्पन्न योजनाको रिपोर्ट हेर्न सक्ने सुविधा मिलाईनेछ ।
- आगामी बर्ष भाडाको घरबाट आफ्नै भवनमा नगरपालिकाको कार्यालय संचालन गरिने छ ।
- उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिहरुलाई पुरस्कृत गर्ने नीति लिईनेछ ।
- नगरपालिकाको विकास प्रशासन लगायत समग्र सार्वजनिक प्रशासनसंग सम्बन्धित समाचार लेख्ने उत्कृष्ट पत्राकारलाई पुरस्कृत गर्ने नीति लिईनेछ ।

**राजश्व (कर तथा गैह्र कर राजश्व):-**

- राजश्व नै नगरपालिकाको स्रोत हो । प्राप्त कर र गैह्र करको सदुपयोगको चासो र चिन्ता जनताहरुको अधिकार हो । तसर्थ व्यवस्थित र प्रगतिशिल कर नीति र दररेट निर्णय गरी लागु गरिनेछ ।
- नगरभित्र कुनै पनि आर्थिक कारोवार गर्ने व्यक्ति वा संस्थाले नियमानुसार कर तिर्नु पर्ने नीति बनाई लागु गरिनेछ ।
- करदाताहरुको लगत विवरण तयार गरी कारोवारको आकार र किसिम हेरी ( छुट दिएको अवस्थामा बाहेक) नगरपालिका भित्र व्यक्तिगत वा संस्थागत रुपमा व्यवसाय कर कडाईका साथ लागू गर्ने नीति बनाई लागू गरिनेछ ।
- नगरपालिका भित्र नियमअनुसार कानुन , कार्यविधि, निर्देशन विपरित कार्य गर्ने विरुद्ध दण्ड तथा जरिवाना र राम्रो काम गर्नेलाई प्रोत्साहन र पुरस्कृत गर्ने नीति लागू गरिनेछ ।
- आ.व.०७५।०७६ देखि प्रत्येक घर धनीले घरबहालबाट प्राप्त आम्दानीमा तोकिएको प्रतिशतका दरले बहाल कर व्यवस्था गरि लागू गरिनेछ ।
- कर नीति, प्रणाली र यसको महत्वको बारेमा कर चेतना अभियान सन्चालन गरिनेछ ।
- बढि कर तिर्ने प्रत्येक वडाका करदातालाई सम्मान गर्ने नीति लिइनेछ ।

- आगामी आ.व. देखि प्रगतिशिल/सम्पत्ति कर प्रणाली लागु गरिनेछ ।
- नगरक्षेत्र भित्र संचालनमा रहेका उद्योग व्यवसाय/पसल लगायतका व्यवसायहरुको अनिवार्य दर्ता गर्नु पर्ने व्यवस्था गरिनेछ ।
- बक्यौता घर जग्गा, व्यवसाय करलाई विशेष सहुलियत दिई तिव्रतापूर्वक असुल गरिनेछ ।
- राजश्व संभाव्यता अध्ययन मार्फत करको दायरालाई विस्तार गरिनेछ ।
- प्रत्येक वडाबाट सवै भन्दा बढि कर तिर्ने करदातालाई सम्मानीत गर्ने नीति लिईनेछ ।

**६. नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरुः-**

क) नेपालको संविधान

(ख) स्थानीय सरकार सञ्चालन ऐन , २०७४

(ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन , २०७४

(घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

(ङ) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्ड

(च) स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दीग्दर्शन २०७४

(छ) संघीय, आवधिक विकास योजना

(ज) राजश्व परामर्श समितिको प्रतिवेदन

(झ) स्रोत साधन

(ञ) विकासका अन्तरसम्बन्धित विषयहरु

(ट) नेपाल सरकारले अन्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु आदि ।

(ठ) श्रोत तथा बजेट सीमा निर्धारण समितिको सिफारिस

(ड) संघीय सरकारको बार्षिक बजेट

(ढ) प्रदेश नं. ३ को बार्षिक बजेट

(ण) संघीय सरकारको विभिन्न परिपत्र तथा निर्देशनहरु ।

**७. अव म चालु वर्ष तथा आगामी वर्षको आय व्यय , बजेट निर्माण, प्राथमिकता र विनियोजित कार्यक्रम बारे संक्षिप्तमा विवरण प्रस्तुत गर्दछु ।**

- चालु आ.व.मा कुल बजेट रु ७३,४३,३०,०००। ( त्रिहत्तर करोड त्रिचालीस लाख तिस हजार) मध्ये चालु खर्च तर्फ रु १८,००,००,०००।- ( अठार करोड) र पुजीँगत खर्च तर्फ ५५,४३,३०,०००।- ( पचपन्न करोड त्रिचालीस लाख तिस हजार) रहेको छ । यस मध्ये चालु आ.व.को जेठ मसान्त सम्म चालु खर्च तर्फ १५,७९,७१,६९८।- ( पन्ध्र करोड उनान्असी लाख एकहत्तर हजार छ सय अन्ठानव्वे ) खर्च भएको र पुजीगत खर्च तर्फ रु २८,४९,२४,१४१( अठाइस करोड उनन्चास लाख चौविस हजार एक सय एक चालीस ) गरी जम्मा रु ४४,२८,९५,८३९।- ( चौवालीस करोड अठ्ठाइस लाख पन्चानव्वे हजार आठ सय उनान्चालीस ) खर्च भएको छ ।
- चालु आ.व.मा आन्तरिक श्रोत रु १६,००,००,०००।- (सोह्र करोड) लक्ष्य रहेकोमा जेठ मसान्त सम्म रु १५,३०,३०,८७५।- ( पन्ध्र करोड तिस लाख तिस हजार आठ सय पचहत्तर) राजश्व संकलन भएकोले लक्ष्य अनुसार राजश्व संकलन हुने देखिन्छ ।
- चालु वर्षमा वित्तिय समानीकरण तर्फ रु २९,४८,६५,०००।-( उनन्तीस करोड अट्चालीस लाख पैसठी हजार) प्राप्त भएको, शर्सत अनुदान तर्फ रु १३,१२,५१,०००।- ( तेह्र करोड बाह्र लाख एकाउन्न हजार) प्राप्त भएको, राजश्व बाडफाँड प्राप्त रकम रु १,२१,८९,६४६।- ( एक करोड एक्काईस लाख उनान्नव्वे हजार छ सय छयालीस), गत आ.व. ०७३।०७४ मा अल्या भएको रकम रु ३,९३,८६,००९ ( तिन करोड त्रियानव्वे लाख छयासी हजार नौ रुपैया) गरी जम्मा ४७,७६,९१,६५५।-( सड्चालीस करोड छयात्तर लाख एकानव्वे हजार छ सय पचपन्न ) रकम प्राप्त भएको ।

- आगामी ०७५।०७६ को लागि हाल सम्म प्राप्त बजेट सिलिङ्ग मध्ये संघीय सरकारबाट वित्तिय समानीकरण तर्फ २५,६४,७७,०००।- ( पच्चिस करोड चौसठी लाख सतहत्तर हजार) र राजश्व बाडँफाडबाट १०,७५,८१,०००।- ( दश करोड पचहत्तर लाख एकासी हजार) गरी जम्मा रु ३६,४०,५८,०००।- ( छत्तिस करोड चालिस लाख अन्ठाउन्न हजार) रकम प्राप्त हुने र आन्तरिक श्रोतबाट रु १७,००,००,०००।- ( सत्र करोड) प्राप्त हुने अनुमान गरीएको छ । यसरी जम्मा गरी ५३,४०,५८,०००।-( त्रिपन्न करोड चालीस लाख अन्ठाउन्न हजार )रकमलाई आधार मानी आगामी वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु ।

- यस मध्ये माथि उल्लेखित विषयगत क्षेत्र समितिलाई प्राथमिकिकरण गरको आधारमा बजेट विनियोजन गरेको छु । यस मध्ये चालु खर्चको लागि रु १३,३५,१४,५००।-( तेह्र करोड पैत्तिस लाख चौध हजार पाँच सय) र पूँजीगत खर्चको लागि ४०,०५,४३,५००।- ( चालिस करोड पाँच लाख त्रिचालीस हजार पाँच सय) विनियोजन गरेको छु । उक्त पुँजीगत रकम मध्येबाट प्रत्येक वडालाई रु २,००,००,०००।- दुई करोड का दरले जम्मा २६,००,००,०००।- ( छब्विस करोड) योजना तथा कार्यक्रमको लागि अधिकार प्रत्यायोजन गरेको छु । कार्यालयको भवन निर्माणमा रु ५,००,००,०००।- (पाँच करोड) विनीयोजन गरेको छु । पुँजीगत खर्चको बाँकी रकम रु ९,०५,४३,५००।- ( नौ करोड पाँच लाख त्रिचालीस हजार पाँच सय) मध्येबाट समपुरक कोष, आन्तरीक साझेदारी लगानी कोषको लागि रु ५,००,००,०००।- ( पाँच करोड) विनियोजन गरेको छु । बाकी रकम रु ५, ०५,४३, ५०० ( पाँच करोड पाँच लाख त्रिचालीस हजार पाँच सय) र प्रदेश सरकारबाट पछि प्राप्त हुने बजेटबाट यस नगरबाट सन्चालन गरिने योजना तथा कार्यक्रममा लगानी गरिनेछ ।( आयोजना तथा कार्यक्रमको सम्बन्धमा विस्तृत विवरण नगरसभाको बन्द सत्रमा प्रस्ताव पेश गरी निर्णय गरिनेछ ।)
- नेपाल सरकारबाट आगामी आर्थिक बर्षको लागि शर्सत अनुदान १५,३८,००,०००। ( पन्ध्र करोड अट्तिस लाख मात्र) प्राप्त भएको छ । ( यो रकम केन्द्रिय सरकार आफैले कार्यक्रमहरु तोकि पठाइएको हुदाँ नगरपालिकाबाट अन्यत्र शिर्षकमा खर्च गर्न नमिल्ने व्यहोरा जानकारी गराउन चाहान्छु )

अन्तमा, हाम्रो निमन्त्रणालाई स्विकार गरी यस कार्यक्रममा उपस्थित हुनु भएका प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, विशेष अतिथिज्यू तथा सम्पूर्ण उपस्थित अतिथिज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, सुरक्षा निकायका प्रमुखहरुज्यू, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, शिक्षा क्षेत्रका प्रबुद्ध व्यक्तित्वहरु , सन्चारकर्मी मित्रहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु । प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्‍याउनु हुने उप प्रमुख लगायत सम्पूर्ण नगर कार्यपालिकाका सदस्यज्यूहरु, विषयगत समितिका पदाधिकारीज्यूहरु, बजेट तर्जुमा समितिका संयोजक तथा सदस्यज्यूहरु, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु तथा सम्पूर्ण नगरबासी दाजुभाई तथा दिदि बहिनीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु । नीति तथा कार्यक्रम तयार गर्न आफ्नो अमुल्य सल्लाहा तथा सुझाव दिनुहुने सम्पूर्ण विद्धवत बर्गहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

धन्यवाद

जय बूढानीलकण्ठ

उद्धव प्रसाद खरेल
नगर प्रमुख
बूढानीलकण्ठ नगरपालिका, काठमाण्डौ
मिति २०७५ असार १० गते